# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, माघ १७ गते, २०७८ साल (संख्या ४१


## भाग ३

नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

## सूचना

<u>बर्ड फ्लू नियन्त्रण नियमावली, २०७८</u>

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यी नियमहरूको नाम "बर्ड फ्लू नियन्त्रण नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्छ।

(ख) “कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल वा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ र सो शब्दले जिल्लास्थित पशु सेवा हेर्ने निकायलाई समेत जनाउँछ ।

(ग) “पन्छी" भन्नाले कुखुरा, हाँस, लौकाट, अष्ट्रिच, बट्टाई र जुनसुकै प्रकारका पाल्तु पन्छी सम्झनु पर्छ र सो शब्दले जङ्गली पन्छीलाई समेत जनाउँछ ।

(घ) “पन्छी उत्पादन सामग्री" भन्नाले पन्छी पालनमा प्रयोग हुने जैविक पदार्थ, दाना, दानामा मिश्रण गरिने सामग्री र त्यस्ता सामग्री भण्डारण गर्ने साधन सम्झनु पर्छ र सो शब्दले पन्छी उत्पादनमा प्रयोग हुने बोरा, क्रेट, भाँडाकुडा तथा अन्य औजारलाई समेत जनाउँछ ।

(ङ) “पन्छीजन्य पदार्थ" भन्नाले पन्छीको मासु, अण्डा, हाड, छाला, प्वाँख, भुत्ला, सुली, सोत्तर वा पन्छीबाट उत्पादन गरिने अन्य अप्रशोधित वा प्रशोधित सामग्री सम्झनु पर्छ ।

(च) “प्रयोगशाला" भन्नाले विभाग अन्तर्गतका पशु वा पन्छी रोग अन्वेषण प्रयोगशाला सम्झनु पर्छ र सो शब्दले मन्त्रालयले तोकेका अन्य प्रयोगशालालाई समेत जनाउँछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) "बर्ड फ्लू" भन्नाले एभियन इन्फ्लुएन्जा भाइरस टाईप "ए" को एच ५ र एच ७ सब-टाइप वा इन्ट्राभेनस प्याथोजेनेसिटी इन्डेक्स कम्तीमा १.२ भएको एभियन इन्फ्लुएन्जा टाईप "ए" भाइरसको सङ्क्रमण वा विश्व पशु स्वास्थ्य सङ्गठनले हाइली प्याथोजेनिक एभियन इन्फ्लुएन्जा भनी तोकेको एभियन इन्फ्लुएन्जा "ए" भाइरसको सब-टाइपबाट उत्पन्न हुने रोग वा सङ्क्रमण सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले नियम ३ बमोजिमको बर्ड फ्लू नियन्त्रण समन्वय समिति सम्झनु पर्छ ।

३. **<u>बर्ड फ्लू नियन्त्रण समन्वय समिति:</u>** (१) बर्ड फ्लू रोकथाम तथा नियन्त्रण सम्बन्धमा सरोकारवाला निकायसँग समन्वय गरी प्राविधिक कार्य गर्न विभागमा देहाय बमोजिमको बर्ड फ्लू नियन्त्रण समन्वय समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, विभाग | - संयोजक |
| (ख) | उपमहानिर्देशक, विभाग | - सदस्य |
| (ग) | उपमहानिर्देशक, स्वास्थ्य सेवा विभाग | - सदस्य |
| (घ) | उपमहानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | - सदस्य |
| (ङ) | प्रमुख, केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला | - सदस्य |
| (च) | प्रमुख, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | - सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) प्रमुख, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग - सदस्य

(ज) वरिष्ठ पशु चिकित्सक, पशुस्वास्थ्य महाशाखा, मन्त्रालय - सदस्य

(झ) प्रमुख, भेटेरिनरी इपिडेमियोलोजी शाखा, विभाग - सदस्य

(ञ) प्रतिनिधि (कम्तीमा उपसचिवस्तर), राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण - सदस्य

(ट) प्रमुख, पशुपन्छी रोग अन्वेषण तथा व्यवस्थापन शाखा, विभाग - सदस्य- सचिव

(२) समितिको बैठक बर्ड फ्लू देखा परेको वा देखा परेको शङ्का भएको अवस्थामा संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(३) समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विषयगत निकायका प्रतिनिधि वा विषय विज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको सचिवालय विभागमा रहनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बर्ड फ्लू रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्य योजना तथा मापदण्ड तयार गर्ने,

(ख) बर्ड फ्लूको निगरानी (सर्भिलेन्स), आकस्मिक रोग अन्वेषण, रोग निदान तथा नियन्त्रण कक्ष स्थापना सम्बन्धी व्यवस्था मिलाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) बर्ड फ्लू नियन्त्रणको लागि आवश्यक जनशक्ति एवं स्रोत साधन परिचालन गर्ने,

(घ) बर्ड फ्लूको रोकथाम तथा नियन्त्रणको लागि पन्छी, पन्छीजन्य पदार्थ र पन्छीजन्य उत्पादन सामग्रीको बिक्री वितरण, भण्डारण वा ओसारपसार तथा रोग सार्न सक्ने अन्य वस्तु सम्बन्धित सङ्क्रमित क्षेत्रबाट आवागमन तथा ओसार पसार गर्न ऐनको दफा १५ बमोजिम प्रतिबन्ध लगाउने वा ऐनको दफा २८ बमोजिम हटाउने वा नष्ट गर्ने सम्बन्धमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ङ) बर्ड फ्लू रोकथाम तथा नियन्त्रणका लागि सूचना तथा सञ्चार व्यवस्थापन गर्ने,

(च) कुनै प्रदेशबाट बर्ड फ्लू नियन्त्रणका लागि अनुरोध भई आएमा सम्बन्धित प्रदेशसँगको समन्वयमा बर्ड फ्लू नियन्त्रण तथा नि:सङ्क्रमणको लागि स्रोत साधन परिचालन गर्ने,

(छ) बर्ड फ्लू नियन्त्रणका लागि नेपाल सरकार, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँग आवश्यक सहजीकरण, समन्वय तथा सहकार्य गर्ने,

(ज) बर्ड फ्लूको रोकथाम तथा नियन्त्रण सम्बन्धी प्रक्रिया निर्धारण गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **बर्ड फ्लू नियन्त्रण समितिः** (१) बर्ड फ्लू नियन्त्रण सम्बन्धी कार्य गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको बर्ड फ्लू नियन्त्रण समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक
(ख) प्रतिनिधि, जिल्ला समन्वय समिति - सदस्य
(ग) बर्ड फ्लू देखा परेको स्थानीय तहको प्रतिनिधि - सदस्य
(घ) मेडिकल सुपरिटेण्डेन्ट, जिल्ला अस्पताल - सदस्य
(ङ) प्रमुख, पशु क्वारेन्टाइन कार्यालय वा चेकपोष्ट - सदस्य
(च) जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू - सदस्य
(छ) प्रमुख, राष्ट्रिय निकुञ्ज वा वन्यजन्तु आरक्ष - सदस्य
(ज) प्रतिनिधि, जिल्ला रेडक्रस सोसाइटी - सदस्य
(झ) प्रमुख जिल्ला अधिकारीले तोकेको पन्छीपालक व्यवसायीको प्रतिनिधि एक जना - सदस्य
(ञ) प्रमुख, कार्यालय -सदस्य -सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(३) उपनियम (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विषय विज्ञ वा सरोकारवालालाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. **बर्ड फ्लू नियन्त्रण समितिको काम, कर्तव्य र अधिकारः** बर्ड फ्लू नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बर्ड फ्लूको रोकथाम, नियन्त्रण तथा राहत सम्बन्धी आवश्यक कार्य गर्ने,

(ख) बर्ड फ्लू नियन्त्रण सम्बन्धी जिल्लास्तरको कार्ययोजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) बर्ड फ्लू नियन्त्रणको लागि आवश्यक जनशक्ति तथा स्रोत साधन परिचालन गर्ने,

(घ) बर्ड फ्लू नियन्त्रणका लागि जिल्लाका सम्बन्धित निकाय तथा सरोकारवालहरूसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) बर्ड फ्लूको रोकथाम तथा नियन्त्रणका लागि सूचना तथा सञ्चार व्यवस्थापन गर्ने,

(च) बर्ड फ्लू नियन्त्रणको क्रममा आवश्यक सुरक्षा प्रबन्ध गर्ने,

(छ) बर्ड फ्लूको रोकथाम तथा नियन्त्रणको लागि सम्भावित जोखिमयुक्त क्षेत्रबाट वा त्यस्तो क्षेत्र भएर कुनै पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री तथा सोसँग सम्बन्धित अन्य कुरामा ऐनको दफा १५ बमोजिम प्रतिबन्ध लगाउन वा ऐनको दफा २८ बमोजिम हटाउने वा नष्ट गर्ने सम्बन्धमा सम्बन्धित अधिकारी वा निकायलाई परिचालन र समन्वय गर्ने।

७. <u>नमूना सङ्कलन, परीक्षण तथा निगरानी:</u> (१) कार्यालय प्रमुखले बर्ड फ्लू लाग्न नदिनको लागि–नियमित रूपमा जाँच तथा निगरानी गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै क्षेत्र वा स्थानमा पन्छीमा बर्ड फ्लू लागेको वा बर्ड फ्लूबाट पन्छीको मृत्यु भएको शङ्का लागेमा वा बर्ड फ्लू देखा परेको कुनै माध्यमबाट जानकारी प्राप्त भएमा कार्यालयको प्रमुखले त्यस सम्बन्धमा आवश्यक जाँचबुझ गरी देहाय बमोजिम गर्न सक्नेछः-

(क) कुनै पन्छीको बासस्थान, पन्छी फार्म, ह्याचरी, बजार, खोर, सिमसार क्षेत्र वा अन्य स्थानमा कुनै चराचुरुङ्गीको नमूना सङ्कलन गर्ने, र

(ख) बर्ड फ्लू लागेको सम्भावना देखिएमा सङ्कलित नमूनाको परीक्षण प्रतिवेदन प्राप्त नभएसम्म त्यस्तो क्षेत्रबाट वा त्यस्तो क्षेत्र भएर कुनै पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री तथा सोसँग सम्बन्धित अन्य कुराको उपभोग, बिक्री वितरण, प्रयोग तथा ओसार पसारमा रोक लगाउने।

(३) उपनियम (२) बमोजिम सङ्कलन गरिएको नमूना परीक्षणको लागि नजिकको प्रयोगशालामा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त नमूनाको प्रयोगशालामा प्रारम्भिक परीक्षण गर्दा बर्ड फ्लू भएको सम्भावना देखिएमा त्यस्तो नमूनाको तुरून्त थप परीक्षण गरी त्यसको जानकारी कार्यालयले छिटो सञ्चार माध्यमद्वारा प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र विभागलाई दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको थप परीक्षणबाट बर्ड फ्लू लागेको पुष्टि भएमा कार्यालयले त्यसरी प्राप्त परीक्षणको नतिजा सहितको प्रतिवेदन यथाशीघ्र तयार गरी छिटो सञ्चार माध्यमद्वारा विभागमा पठाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **बर्ड फ्लू प्रभावित क्षेत्रको घोषणाः** (१) नियम ७ को उपनियम (५) बमोजिमको प्रयोगशालाको प्रतिवेदनबाट कुनै स्थानमा बर्ड फ्लू लागेको पुष्टि भएमा र बर्ड फ्लू थप फैलन सक्ने सम्भावना भएमा विभागले त्यस्तो नमूना लिइएको स्थानलाई केन्द्रविन्दु मानी त्यसको वरिपरिको तीन किलोमिटरसम्मको क्षेत्रलाई बर्ड फ्लू प्रभावित क्षेत्र घोषणा गर्नको लागि मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले जोखिम विश्लेषण गर्दा बर्ड फ्लू महामारीको रूपमा फैलिसकेको वा फैलन सक्ने अवस्था विद्यमान भएको कारण बर्ड फ्लू नियन्त्रणको लागि नमूना लिइएको स्थानबाट तीन किलोमिटरभन्दा बढीको क्षेत्रलाई समेत बर्ड फ्लू प्रभावित क्षेत्र घोषणा गर्न आवश्यक देखिएमा विभागले गरेको जोखिम विश्लेषण प्रतिवेदन सहित बर्ड फ्लू देखिएको स्थान वा क्षेत्रको तीन किलोमिटरभन्दा बढीको क्षेत्रलाई समेत बर्ड फ्लू प्रभावित क्षेत्र घोषणा गर्नका लागि मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम प्राप्त सिफारिस बमोजिम बर्ड फ्लू लागेको नेपालको कुनै स्थान वा क्षेत्रलाई बर्ड फ्लू प्रभावित क्षेत्र घोषणा गर्न आवश्यक देखिएमा नेपाल सरकारले त्यस्तो स्थान वा क्षेत्रलाई अवधि तोकी बर्ड फ्लू प्रभावित क्षेत्र घोषणा गर्न सक्नेछ ।

(४) बर्ड फ्लू प्रभावित क्षेत्रमा बर्ड फ्लूको नियन्त्रण भइसकेपछि सोही जिल्ला वा प्रदेश र सम्बन्धित जिल्ला वा प्रदेशसँग सीमाना जोडिएका अन्य जिल्लाहरूमा बर्ड फ्लू देखा परेमा त्यसरी बर्ड फ्लू देखा परेको क्षेत्रलाई आधार मानी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपनियम (३) बमोजिम बर्ड फ्लू प्रभावित क्षेत्रको परिधि विस्तार गर्न सकिनेछ।

९. **<u>सघन निगरानी क्षेत्रको घोषणा:</u>** (१) विभागले नियम ८ बमोजिम घोषित बर्ड फ्लू प्रभावित क्षेत्रबाट बाहिर कम्तीमा सात किलोमिटर वरिपरिको क्षेत्र र बर्ड फ्लू लागेको क्षेत्रमा पर्ने चिडियाखाना वा संरक्षण क्षेत्रलाई अवधि तोकी बर्ड फ्लूको सघन निगरानी क्षेत्र घोषणा गरी सघन निगरानीको कार्य अघि बढाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम घोषणा गरिएको सघन निगरानी क्षेत्रमा बर्ड फ्लूको नियन्त्रण भइसकेपछि सोही जिल्ला वा प्रदेश र सम्बन्धित जिल्ला वा प्रदेशसँग सीमाना जोडिएका अन्य जिल्लाहरूमा बर्ड फ्लू देखा परेमा त्यसरी बर्ड फ्लू देखा परेको क्षेत्रलाई आधार मानी सघन निगरानी क्षेत्रको परिधि विस्तार गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिम घोषणा गरिएको सघन निगरानी क्षेत्रबाट कार्यालय प्रमुख वा निजले तोकेको अधिकृतले बर्ड फ्लू परीक्षणको लागि नमूना सङ्कलन तथा प्रयोगशालामा परीक्षण गराउन सक्नेछ।

(४) बर्ड फ्लू प्रभावित क्षेत्रभित्र चिडियाखाना वा संरक्षण क्षेत्र परेमा विभागले सो स्थानमा सम्बन्धित चिडीयाखाना वा संरक्षण निकायसँग समन्वय गरी जोखिम विश्लेषण प्रतिवेदनका आधारमा निगरानी तथा नियन्त्रणको आवश्यक व्यवस्था मिलाउनेछ।

१०. **<u>बर्ड फ्लू नियन्त्रण सम्बन्धी कार्य गर्ने:</u>** (१) बर्ड फ्लू प्रभावित क्षेत्र वा सघन निगरानी क्षेत्रबाट अन्य क्षेत्रमा बर्ड फ्लू फैलिन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सक्ने सम्भावना देखिएमा कार्यालय प्रमुख वा निजले तोकेको अधिकृतले नियम ८ बमोजिम घोषित बर्ड फ्लू प्रभावित क्षेत्र वा नियम ९ बमोजिमको सघन निगरानी क्षेत्रबाट वा त्यस्तो क्षेत्र भएर पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री तथा बर्ड फ्लू सार्न सक्ने अन्य वस्तुको ओसार पसार गर्न ऐनको दफा १५ बमोजिम प्रतिबन्ध लगाउन सक्नेछ।

(२) कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृतले बर्ड फ्लू प्रभावित क्षेत्र वा सघन निगरानी क्षेत्र भित्रका पन्छी फार्म, ह्याचरी, कोल्ड स्टोर, पन्छी सङ्कलन केन्द्र, पन्छी बजार, पन्छी वधस्थल वा वधशाला, पन्छीको बासस्थान तथा पन्छी एवं पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री र बर्ड फ्लू सार्न सक्ने अन्य वस्तुको उत्पादन, प्रशोधन, बिक्री वितरण तथा ओसारपसार हुने स्थानमा पूर्व सूचना दिई आवश्यकता अनुसार प्रवेश गरी ऐन बमोजिम जाँचबुझ गर्न, नमूना सङ्कलन गर्न तथा तत्काल जोखिम न्यूनीकरण गर्न आवश्यक आदेश दिन सक्नेछ।

(३) विभागले जोखिम विश्लेषणको आधारमा उपयुक्त स्थानमा अस्थायी पशु क्वारेन्टाईन चेकपोष्ट तत्काल स्थापना गरी चेकजाँचको व्यवस्था गर्न सक्नेछ।

(४) बर्ड फ्लू प्रभावित क्षेत्रमा त्यस्तो घोषणा कायम रहेसम्म कसैले ऐनको दफा १५ विपरीत हुने गरी पन्छीपालन गर्न, ह्याचरी तथा पन्छी दाना उद्योग सञ्चालन गर्न र पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री तथा वर्ड फ्लू सार्न सक्ने अन्य वस्तुको उत्पादन, प्रशोधन, बिक्री वितरण तथा ओसार पसार गर्न पाइने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) बर्ड फ्लू प्रभावित क्षेत्रमा बर्ड फ्लू नियन्त्रणको लागि विभागले आवश्यकता अनुसार सम्बन्धित प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयसँगको समन्वयमा तत्काल बर्ड फ्लू नियन्त्रण कक्ष स्थापना गरी नियन्त्रण कार्य सञ्चालन गर्न सक्नेछ।

११. <u>**नष्ट गर्ने, सरसफाई तथा निःसङ्क्रमणको व्यवस्थाः**</u> (१) बर्ड फ्लू प्रभावित क्षेत्रभित्र रहेका निःसङ्क्रमण पश्चात पुनःप्रयोग गर्न सकिने बाहेकका घरपालुवा पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्री लगायतका रोग सार्न सक्ने वस्तुहरू मानवीय तवरले ऐनको दफा २८ बमोजिम नष्ट गर्ने, तह लगाउने, निःसङ्क्रमण गर्ने तथा सरसफाई गरी सुरक्षित रुपमा व्यवस्थापन गर्नु पर्नेछ।

(२) बर्ड फ्लू प्रभावित क्षेत्रमा निःसङ्क्रमण तथा बर्ड फ्लू नियन्त्रणका लागि खटिने जनशक्ति तथा त्यस क्षेत्रका नागरिकको स्वास्थ्य निगरानीको लागि नियम ५ बमोजिमको बर्ड फ्लू नियन्त्रण समितिले जनस्वास्थ्य टोली खटाउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम नष्ट गर्दा वा तह लगाउँदा क्षति भएको पन्छी, पन्छीजन्य पदार्थ, पन्छी उत्पादन सामग्रीको परिमाण खुल्ने गरी नष्ट गरेको मिति सहितको विवरण विभागले निर्धारण गरेको ढाँचामा प्रमाणित गरी सोको प्रतिलिपि सम्बन्धित धनीलाई दिनु पर्नेछ।

(४) बर्ड फ्लू प्रभावित क्षेत्र भएर आवतजावत गर्ने पन्छी, पन्छीजन्य उत्पादन तथा उत्पादन सामग्री ओसारपसार सम्बन्धी कार्यमा प्रयोग भएको सवारी साधनलाई त्यस्तो क्षेत्रको सीमानामा निःसङ्क्रमण गरेर मात्र आवतजावत गर्न दिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) नियम ८ बमोजिम घोषणा गरिएको बर्ड फ्लू प्रभावित क्षेत्रभन्दा बाहिर सोही जिल्लाभित्र वा सीमाना जोडिएको अन्य जिल्लामा बर्ड फ्लूको सङ्क्रमण देखा परेमा त्यस्तो स्थानका पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्रीलाई समेत ऐनको दफा २८ बमोजिम नष्ट गरी व्यवस्थापन गरिनेछ।

(६) बर्ड फ्लू प्रभावित क्षेत्रबाट पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री बर्ड फ्लू प्रभावित क्षेत्रभन्दा बाहिर लगेको वा ल्याएको प्रमाणित भएमा त्यसरी लगिएको वा ल्याईएको सामग्री र ती सामग्रीसँग प्रत्यक्ष सम्पर्कमा रहेका रोग सार्न सक्ने सम्पूर्ण सामग्रीहरू समेत ऐनको दफा २८ बमोजिम नष्ट गरिनेछ।

(७) कार्यालय प्रमुखले बर्ड फ्लू प्रभावित क्षेत्रमा बर्ड फ्लू नियन्त्रणका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

१२. **अन्य मुलुकसँग समन्वय गर्ने:** (१) नेपालको अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा रहेको नेपालको भू-भागमा बर्ड फ्लूको सङ्क्रमण देखा परेमा विभागको महानिर्देशकले तत्काल त्यस्तो सङ्क्रमित क्षेत्रसँग सीमाना जोडिएको मुलुकको समकक्षी अधिकारीलाई सो विषयमा जानकारी गराउनु पर्नेछ।

(२) नेपालको अन्तर्राष्ट्रिय सीमानासँगै जोडिएको विदेशको भू-भागमा बर्ड फ्लू देखा परी सम्बन्धित मुलुकको आधिकारिक निकायले बर्ड फ्लू नियन्त्रणका लागि नेपाल सरकार समक्ष लिखित अनुरोध गरेमा नेपाल सरकारले आवश्यकता अनुसार यस नियमावली बमोजिम बर्ड फ्लू नियन्त्रणका लागि सहयोग र समन्वय गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. **राहत दिन सकिने:** बर्ड फ्लूको कारण पन्छी वा पन्छीजन्य पदार्थ नष्ट गरिएको कारण हानि नोक्सानी भएका व्यक्तिलाई नेपाल सरकारले स्वीकृत गरेको मापदण्डको आधारमा राहत दिन सकिनेछ ।

१४. **प्रोत्साहन सुविधा:** मन्त्रालयले यस नियमावली बमोजिम बर्ड फ्लू नियन्त्रण कार्यका लागि नियन्त्रण कक्ष, प्रयोगशाला, आकस्मिक रोग अन्वेषण, रेपिड रेस्पोन्स समेतका प्रतिकार्य काममा खटाइएका कर्मचारी वा व्यक्तिलाई नेपाल सरकारले निर्धारण गरे बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउन सक्नेछ ।

१५. **खारेजी:** बर्ड फ्लू रोग नियन्त्रण आदेश, २०६४ खारेज गरिएको छ।

**आज्ञाले,**
**निरू दाहाल पाण्डे**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१०।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।